म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १८ शुक्रबार ३२ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 16 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा थप १५ जनामा डेंगु फेला

हेटौंडा, ३१ साउन/मकवानपुरमा पछिल्लो २४ घण्टामा थप १५ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । हेटौंडा उपमहानगरमा ४, मनहरी गाउँपालिकामा ९, भीमफेदी गाउँपालिकामा एकजना र अन्य जिल्लाका एकजनामा डेंगु पुष्टि भएको हो । यससँगै जिल्लामा डेंगु संक्रमितको संख्या ७९ जना पुगेको छ । जसमा ३४ जना पुरुष र ४५ जना महिला रहेका छन् । सो तथ्यांक साउन १ गतेदेखि साउन ३१ गते बिहीबार दिउँसोसम्मको रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । हेटौंडा उपमहानगरपालिकामा १८ पुरुष र ३३ महिला गरी ५१ जना, मकवानपुरगढी गाउँपालिकामा २ पुरुष र २ महिला गरी ४ जना, बागमती र कैलाश गाउँपालिकामा एक-एक जना पुरुष, मनहरी गाउँपालिकामा १० जना पुरुष र ४ जना महिला गरी १४ जना डेंगु संक्रमण पुष्टि भएको छ । यसैगरी, भीमफेदी गाउँपालिकामा दुई महिला, बकैया गाउँपालिकामा दुई पुरुष र एक महिला गरी ३ जना, हाल ठेगाना नखुलेका एक महिला र अन्य जिल्लाका दुई महिलामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापकको चेतावनी

प्रतिक्षा न्यौपाने

हेटौंडा, ३१ साउन/ बागमती प्रदेश सरकारले स्थापना गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्राध्यापकले पूर्वसहमति अनुसार आफूहरुको माग सुनुवाइ नभएपछि अन्तिमपटक चेतावनी दिएका छन् ।

प्रतिष्ठानका कार्यबाहक उपकूलपति तथा शिक्षाध्यक्ष प्रा.डा. सुरेन्द्र शेरचनलाई खुलापत्र लेख्दै माग पूरा नभएको खण्डमा 'कलम बन्द' गरी चरणबद्ध आन्दोलन गर्ने प्रतिष्ठानका प्राध्यापकहरुले चेतावनी दिएका हुन् । प्रतिष्ठानमा कार्यरत सम्पूर्ण ३० जना प्राध्यापकले माग सुनूवाई नभईरहेको अवस्थामा यसरी खुलापत्र लेख्न बाध्य भएको जनाए । करीव एकवर्ष अघिदेखि पटक-पटक मौखिक वा 'प्राध्यापक कल्याणकारी समिति, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान'को आधिकारिक पत्रमार्फत् विभिन्न माग प्रस्तुत गरेको र प्रतिष्ठानको तर्फबाट आश्वासन मात्रै पाएको प्राध्यापक कल्याणकारी समिति प्रतिष्ठानका अध्यक्ष विश्वास सापकोटाले बताए ।

'हाम्रा अभिभावकबाट प्राध्यापक जस्तो गरिमामय पदले उठाएका उचित माग पूरा हुन्छ भन्ने आशवासन कै आधारमा हामीले अहिलेसम्म संयमित भएर आफ्ना दैनिक कार्यभार पूर्णजिम्मेवारीपूर्वक सम्हाल्दै आएका छौं । तर, दुर्भाग्यबस, हाम्रा सम्पूर्ण मागलाई आश्वासन मै सीमित गरियो' शिक्षाध्यक्ष शेरचनलाई लेखिएको मागपत्रमा भनिएको छ । आन्दोलनरत्



प्राध्यापकहरु हातमा कालो पट्टी बाँधेर काम गरिरहेका छन् । उनीहरुले बिहीवार प्रतिष्ठानको शैक्षिक भवनमा कालो ब्यानर राखेर विरोध प्रर्शन गरेका थिए ।

१० मंसिर २०८० मा प्राध्यापक कल्याणकारी समिति र प्रतिष्ठानका शिक्षाअध्यक्षबीच भएको सम्झौता अहिलेसम्म कार्यान्वयन नहुनु मागलाई वेवास्ता गरेको आरोपलाई थप प्रमाणित गर्ने अध्यक्ष सापकोटाले जानकारी दिए । सम्पूर्ण प्राध्यापकलाई, आफ्नै प्रतिष्ठानद्वारा ठगिएको र शोषित हुनु परेको अनुभूति हुन् थालेको मागपत्रमा भनिएको छ । पत्रमार्फत प्राध्यापक कल्याणकारी समितिले सम्पूर्ण पुराना मागलाई यथाशीघ्र पूरा गरियोस भन्ने अन्तिमपटक स्मरण गराउन चाहन्छौ भनिएको छ ।

यस प्रतिष्ठानमा करिव ३० जनाको संख्यामा रहेका प्राध्यापकमध्ये ७ जनाको मात्र स्थायीनियुक्ति भएको र बाँकी सबै करारमा कार्यरत छन् । प्रतिष्ठानको करार प्राध्यापक कार्यविधि नियमावलीमा (१) (ग) मा स्पष्ट रुपले 'चिकित्सा शिक्षा आयोगको मापदण्डअनुसार प्रतिष्ठानलाई आवश्यक परेको खण्डमा नियुक्ति भएका शिक्षकको एक तहमाथिको पद प्रमाणिकरणको लागि योग्य भएको अवस्थामा माथिल्लो पदको लागि करार सम्झौता गरी करारको नवीकरण गरिनेछ' भन्ने उल्लेखित छ । 'यस्ता प्राबधान हाम्रो कार्यविधिमा हुदाँहुदै करारका योग्य प्राध्यापकको पदोन्नोतिमा वेवास्ता गरेको प्रति हाम्रो गम्भीर ध्यान आकर्षण भएको छ' मागपत्रमा भनिएको छ ।

प्रतिष्ठानको करार प्राध्यापक कार्यविधि नियमावली, चिकित्सा शिक्षा आयोग र रास्ट्रिय स्वास्थ्य सेवा परिषदको मापदण्ड अनुसार शैक्षिक योग्यता, कार्यअनुभव र कृति प्रकाशनका आधारमा सम्पूर्ण करारका प्राध्यापकलाई यथाशीघ्र पदोन्नति गर्न पत्रमार्फत ध्यानाकर्षण गराइएको छ । प्रतिष्ठानमा कार्यरत शिक्षक सेवासर्त र सुबिधासम्बन्धी नियमावली २०७७ मा स्थायी प्राध्यापकको वृद्धिविकास तथा सेवासुविधामा एकदमै विभेद देखिएको उनीहरुको आरोप छ ।

'प्राध्यापकका सेवा सुबिधालाई सम्बोधन गर्ने गरी उप-समितिको कार्यदलले तयार पारेको प्रतिवेदन संशोधन आगाडि प्राध्यापकसँग परामर्श नगेरेको प्रति हामी खेद प्रकट गर्दछौं' मागपत्रमा भनिएको छ । 'प्राध्यापकलाई निरुत्साहित गर्ने गरी यस्ता किसिमका विवेधपूर्ण संसोधनप्रति खेद प्रकट गर्दै संसोधन गर्न लागेका यस्ता नियमावली हामीलाई स्वीकार्य नहुने जानकारी समेत यो पत्रमार्फत गराइन्छ' मागपत्रमा उल्लेख गरिएको छ ।

अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकको लागि थप जिम्मेवारी दिंदा प्राध्यापनरत समय नहेरिएको, लेख र कृति रचना नहेरिएको, एकपटकको लागि भनि पद प्रमाणिकरण गरिएको भन्दै प्राध्यापकहरुको सबै न्यूनतम योग्यता पुग्दा पनि पदोन्नति नगर्ने खालको विभेदपूर्ण नीति स्वीकार्य नहुने पत्रमार्फत जानकारी गराइएको छ । प्राध्यापकले गरेको अतिरिक्त कार्य परीक्षासम्बन्धी, पठनपाठन बाहेकका अतिरिक्त जिम्मेवारी, इन्धनसम्बन्धी अतिरिक्त भत्तामा समेत पारदर्शिता नभएकोप्रति गम्भीर ध्यानाकर्षण भएको बताइएको छ । 'यी विषयमा केन्द्रित भई पछिल्ला बाँकी रहेका रकमको पनि यथाशीघ्र पारदर्शीता र भुक्तानी गर्नको लागि ध्यानाकर्षण गराउँदछौं' भनिएको छ ।

कहिले मेडिकल त कहिले नन-मेडिकलदेखि लिएर एकैतहमा कार्यरत प्राध्यापकको तलवभत्तामा देखिएको ठुलो अन्तरले प्राध्यापकको मनोबलमा निकै गहिरो चोट पुगेको कुरा अवगत गराउँदै समान तलवभत्ता ननप्राक्टिस, आवासमा विभेद हुनु प्राध्यापकको लागि पक्कै राम्रो कुरा होइन र यसमा विषयमा उचित न्याय हुने गरी समपूर्ण प्राध्यापक्लाई समान व्यवहार गर्न आग्रह गरिएको छ ।

परीक्षाको गुणस्तरीयताको सम्बन्धमा, प्राध्यापकको टीओआर तथा वर्कलोर्ड सम्बन्धमा, प्रयोगशाला तथा पुस्तकको अभाव सम्बन्धमा, चारैतिर छरिएर रहेका शैक्षिक भवन र त्यसले विद्यार्थी तथा प्राध्यापकमा परेको असर सम्बन्धमा विभिन्न समिति र परिषदमा प्राध्यापकको नियुक्तिको पूर्णताको सम्बन्धमा लगायत थुप्रै उचित मागको सम्बोधनको लागि पनि अनुरोध गरिएको छ ।

# उपमहानगरको करबृद्धि बिरुद्ध दलहरुको बिज्ञप्ती

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ हेटौंडा उपमहानगरले आर्थिक वर्ष २०८१/८२ का लागि आर्थिक ऐनमार्फत् विभिन्न शीर्षकमा बढाएको करको सन्दर्भमा नेपाली कांग्रेस हेटौंडा नगर कार्यसमितिको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सरोकारवाला निकायसँग छलफल गरी करबृद्धि गर्नु जायज रहन्थ्यो तर, राजश्व परामर्श समितिबाट नगर कार्यपालिकाहुँदै नगरसभाले सरोकारवाला निकायसँग आवश्यक छलफल नगरी कर बढाएकोमा ध्यानाकर्षण भएको नेपाली कांग्रेसले जनाएको छ । हेटौंडा नगरका जनप्रतिनिधि र पदाधिकारीले करवृद्धि गर्ने सन्दर्भमा पर्याप्त अध्ययन नगरी नगरसभाबाट सर्वसम्मतिले पारित गर्नु गम्भीर त्रुटी रहेको विज्ञप्तिमार्फत् जानकारी गराएको छ । उपमहानगरले बृद्धि गरेको करको विषयमा विगत केही दिनदेखि मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, सहकारीहरु आन्दोलनमा उत्रिएका छन् ।

'संघको आन्दोलन चलिरहँदा २०८१ साउन ३० गते नेकपा एमालेबाट उपमहानगरमा निर्वाचित ४८ जना जनप्रतिनिधिले विशेष नगरबैठकको आह्वानको माग राख्दै विज्ञप्ती जारी गरिनुले उनीहरुको दोहोरो चरित्र प्रष्ट देखिन्छ' कांग्रेसले बिज्ञप्तीमा भनेको छ । '९५ जना नगरसभा सदस्य रहेको उपमहानगरमा नेकपा एमालेका बहमुत ४८ सदस्यले स्वयम् नगरको बैठकमा उपस्थित भइ पेश भएको आर्थिकलगायत अन्य सबै ऐन पाँच दिनसम्म अध्ययन गरी बृद्धि गरेको करलाई समर्थन जनाउँदै हस्ताक्षर गरी सर्वसम्मतिले पास गराउने अनि अहिले करबृद्धि अस्वभाविक भएको भन्दै पुन: विशेष नगरसभाको आव्हान् गरी दोहोरो चरित्र देखाएको प्रति नेपाली कांग्रेस नगर कार्यसमितिको गम्भीर ध्यानाकर्षण भएको अवगत गराउँछ' बिज्ञप्तीमा भनिएको छ ।

कांग्रेस नगर कार्यसमितिले उपमहानगरलाई आन्दोलनरत् उद्योगी, व्यवसायी र सरोकारवाला निकायसँग छलफल र आवश्यक समन्वय गरी भइरहेको विरोधका मुद्दालाई छिटो सम्बोधन गर्न अनुरोध गरेको छ । वार्ता, छलफलको माध्यमबाट समस्या हल हुने भएकाले उपमहानगरले बढाएको कर समायोजन गरी व्यवसायी र आमनगरबासीलाई आर्थिक न्याय प्रदान गर्न विज्ञप्तिमार्फत् नेपाली कांग्रेसले माग गरेको छ ।

यसैबीच, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हेटौंडा नगरसमितिले उपमहानगरले गरेको करवृद्धिको कडा विरोध गरेको छ । हालै सम्पन्न नगरपरिषद्ले विभिन्न क्षेत्रमा १०० देखि ३०० प्रतिशतसम्म कर वृद्धि गरेकोप्रति रास्वपाले विरोध गरेको हो । रास्वपाले यस निर्णयको घोर भर्त्सना र निन्दा गरेको छ ।

पार्टीले वर्तमान आर्थिक मन्दीको अवस्थामा करवृद्धि गर्नु अनुचित भएको बताएको छ । विज्ञप्तिमा भनिएको छ, 'अहिले देश नै आर्थिक मन्दीकोमारमा परेर व्यवसाय धरासायी हुँदै, घरभाडा र राज्यको न्यूनतम नवीकरण पनि तिर्न नसक्ने स्थिति भई दिनानुदिन व्यवसाय बन्द हुँदै र विदेशिने क्रम जारी रहेको परिस्थितिमा करवृद्धि गर्नु उचित होइन' ।

रास्वपाले यस निर्णयमा सबै दलका जनप्रतिनिधिको मिलेमतो रहेको आरोप लगाएको छ । पार्टीले उपमेयरको व्यवसायमा कर नबढाइएको भन्ने जनगुनासो रहेको पनि उल्लेख गरेको छ । रास्वपाले हेटौंडा उपमहानगरले बढाएको सम्पूर्ण कर खारेज गरी पुरानै दररेट कायम गर्न जोडदार माग गरेको छ । विज्ञप्तीमा हेटौंडा उपमहानगर समितिका सभापति धुब विष्ट, मकवानपुर निर्वाचन क्षेत्र नं १ का सभापति टाकाराज थापा र सोही निर्वाचन क्षेत्रका सचिव किशोर अर्यालले हस्ताक्षर गरेका छन् ।

यस्तै, नेकपा माओवादी (केन्द्र) हेटौंडा नगरसमितिले पनि उपमहानगरले गरेको करबृद्धिको कडा आलोचना गर्दै करबृद्धिबिरुद्धको आन्दालनमा समर्थन रहेको जनाएको छ । माओवादी केन्द्रका नगर अध्यक्ष तीर्थबहादुर थापामगरले उपमहानगरको करबृद्धिले नगरबासीको दैनिक जीवनयापनमा आर्थिक भार पर्न जाने भएकोले तत्काल फिर्ता लिन आग्रह गरेको बिज्ञप्ती जारी गरेका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघ, होटल ब्यवसायी संघ, निर्माण ब्यवसायी संघ, सहकारी संघसंस्था, नगरका ब्यवसायीले बिहीबार २ घण्टा हेटौंडा उपमहानगरको कार्यालय अगाडि धर्ना दिएका थिए । शुक्रबार नगरका सबै ब्यवसायीले ब्यवसाय बन्द गरेर तालाचाबी हेटौंडा उपमहानगरलाई बुझाउने कार्यक्रम रहेको मउवासंघका अध्यक्ष कृष्णकुमार गुप्ताले जानकारी दिएका छन् ।

## अरिंगालले चिलेर इन्द्रसरोबरका गोलेको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ मकवानपुरमा अरिंगालले चिलेर एक युवकको मृत्यु भएको छ । मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिका-५ छापडाँडाका ३२ बर्षीय सुमन गोलेको बिहीवार बिहान मृत्यु भएको हो ।

घरदेखि १ किमि दक्षिणको बारीमा काम गर्ने क्रममा बुधबार एक दर्जन भन्दा बढी अरिंगालले टोकेर गोले घाइते भएका थिए । घाइते गोलेलाई उपचारका लागि मनमोहन स्मृति सामुदायिक अस्पताल फर्पिङ लगिएको थियो । उपचारकै क्रममा बिहीबार बिहान उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## मकवानपुरको निर्यात व्यापार खुम्चियो

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ मकवानपुरमा उत्पादित सामग्री विदेश निर्यात हुने दर बर्षेनि खुम्चिँदो अवस्थामा रहेको छ । विभिन्न प्रतिकूलताका कारण औद्योगिक उत्पादनमा आएको कमीले बर्षेनि निर्यात दर घटेको हो ।

मकवानपुरबाट छिमेकी राष्ट्र भारत तथा तेस्रो मुलुकसँगको निर्यात व्यापार निरन्तर ओरालो लागेको तथ्यांकले देखाएको छ । हेटौंडा औद्योगिक क्षेत्रभित्र मात्रै सयभन्दा बढी उद्योगका साथै बहुराष्ट्रिय कम्पनीले औद्योगिक उत्पादन गरिरहे पनि उत्पादित सामग्री विदेश निर्यातको अवस्था भने निराशाजनक रहेको मकवानपुर उद्योग वाणिज्य संघको तथ्यांक छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा मकवानपुरबाट करिब सवा ५९ करोड रुपैयाँको औद्योगिक उत्पादन भारतलगायत तेस्रो मुलुकमा निर्यात भएको तथ्यांकले देखाउँछ ।

आर्थिक वर्ष २०७९/८० मा निर्यात व्यापार साढे ६८ करोड रुपैयाँ थियो । त्यसअघि आव २०७८/७९ मा ४ वटा उद्योगले ३ अर्ब ४ करोड रुपैयाँको औद्योगिक उत्पादन निर्यात गरेकोमा गत वर्षमा आइपुग्दा सवा ५९ करोडमा खुम्चिएको हो । संघले हेटौंडामा उत्पादन भएको निर्यातयोग्य बस्तुको उत्पत्तिको प्रमाणपत्र (सीइओ) जारी गर्दै आएको छ ।

## थाहानगरमा शेयर अभिमूखीकरणको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ सेयर बजारमा आकर्षण बढ्दै गएपछि थाहानगरमा सेयर बजार सम्बन्धी तालिम प्रदान गरिने भएको छ । लियो क्लब अफ पिस थाहानगरले १ दिने सेयर अभिमूखीकरण सञ्चालन गर्ने भएको हो ।

गत शनिवार क्लबका अध्यक्ष शिशिरकुमार खत्रीको अध्यक्षतामा बसेको बैठकले आगामी भदौ २२ गते शनिवार थाहानगरमा शेयर अभिमूखीकरण सञ्चालन गर्ने निर्णय गरेको हो । शेयर तालिमको नेपाली सेयर बजारका विज्ञ सुवासचन्द्र भट्टराइले सहजिकरण गर्ने क्लवका सचिव अजय कार्कीले बताए ।

भट्टराई लामो समयदेखि नेपालको सेयर बजारमा सक्रिय छन् । उनको अनुभव नयाँ लगानीकर्ताको लागि उत्प्रेरणा हुने सचिव कार्कीले बताए । तालिममा १ सय जना भन्दा बढीको सहभागिता हुने क्लवले अनुमान गरेको छ ।

शेयर बजारमा नवप्रवेशी र लागानी गरिरहेको ब्यक्तिलाई सेयर कारोवारका बारेमा जानकारी गराउनको लागि तालिमको आयोजना गर्न लागिएको क्लवका पूर्वअध्यक्ष कमल बिष्टले जानकारी दिए ।

सेयर बजारमा लगानी गर्नुपूर्व बजार, कम्पनी लगायतको बारेमा बुझेर लगानी गर्दा प्रतिफल राम्रो हुने भएकोले सेयर बजारमा नयाँ लगानीकर्तालाई प्रोत्साहन गर्न तालिमको आयोजना गर्न लागेको अध्यक्ष खत्रीले बताए । उनले तालिममा सहभागिताको लागि ईच्छुक ब्यक्तिलाई नाम दर्ता गराउनको लागि अनुरोध गरेका छन् ।

ई-रिक्साको पुरानो सामान
बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०%
बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७८२४६१४, ९८४५९२७०५७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# खानेपानी पर्याप्तता

एकदशक अघिसम्म सुख्खामौसममा खानेपानी हाहाकार भएको समाचारले स्थानीय अखबारका पाना भरिने गरेको थियो । तर, बोर्डमा हस्तान्तरण भएपछि खानेपानीको समस्या खासै देखिएको छैन । प्रताप बिष्टको नेतृत्वमा रहेको बोर्डले नगरको उपभोक्तालाई खानेपानी उपलब्ध गराउने काममा कन्जुस्याईं गरेका छैन । चौकीटोलको तिर्तिरे धाराबाट पोलिथिनको पाइपमा पानी ल्याएर साबिक पिपलबोटमा एउटा धारा राखेर खानेपानी बितरण गरिएको हेटौंडा नगरमा अहिले करिब २८ हजार धाराबाट खानेपानी बितरण भइरहेको छ । बोर्डले गत आर्थिक वर्षमा १९ करोड १६ लाख रुपैयाँ आम्दानी गरेको छ । बोर्डले ग्राहकबाट पानी महशुल संकलनलगायत समग्र आन्तरिक आम्दानी लक्ष्यअनुसार संकलन गर्न सफल भएको हो । २०८१ असार मसान्तसम्म पानी महशुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान मर्मत, नामसारी, निबेदन तथा अन्य दस्तुर र बैंक व्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत अर्थात १५ करोड ४ लाख ३६ हजार रुपैयाँ संकलन गरेका छ । बोर्डले बाह्य आम्दानीतर्फ हेटौंडा उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँगको सहयकार्यअन्तर्गत १ करोड ७९ लाख ९४ हजार रुपैयाँ प्राप्त गरेको छ । बोर्डको बैंक मौज्दात २ करोड ३२ लाख रुपैयाँ रहेको छ ।

हेटौंडा उपमहानगरभित्रको वडा नं. २, ४, ५, ६, ७, ८, ९, १० र १४ को पूरै भूभाग, वडा नं १, ३ र १७ को केही भूभाग र वडा नं. १५, १६, १८ र १९ को ७०% प्रतिशत भूभागमा बसोबास गर्ने १ लाख ६० हजार नगरबासीलाई दैनिक सरदर ७ देखि ८ घण्टा ३ करोड ५७ लाख लिटर खानेपानी उत्पादन गरी २७ हजार ७ सय २१ वटा धारामार्फत वितरण गरिरहेको छ । हेटौंडाको मुख्य नगरक्षेत्रमा बोर्डले २४ सैं घण्टा पानी वितरण गर्न सफल भएको छ । नगरक्षेत्रको वडा नं. ११, १२ र १३ मा उपभोक्ता समितिबाट खानेपानीको सेवाप्रवाह हुँदै आएको छ । नगर क्षेत्रभित्र बसोबास गर्ने नगरवासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीय रुपमा एउटै शुल्कमा खानेपानी उपलब्ध गराउनु बोर्डको उद्देश्य हो । हालसम्म बोर्डमा १६ वटा उपभोक्ता समिति हस्तान्तरण तथा सेवाक्षेत्र विस्तार गर्दा ११ हजार धारा संख्यामा बृद्धि भएको छ । उपमहानगरले नगरबासीलाई राहत दिने उद्देश्यले न्यूनतम खानेपानी महशुलमा १० हजार लिटरसम्म खपतमा छुटको व्यवस्था गरेसँगै खानेपानी बोर्डमा उपभोक्ता समिति हस्तान्तरण हुनेक्रम बढेको छ । बोर्डले उपमहानगर पालिका, बागमती प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरी सेवाक्षेत्रमा सुधार गर्दै नयाँ क्षेत्रमा नयाँ आयोजनाको थालनी गरिरहेको छ । बोर्डबाट प्रतिदिन ३ करोड ५० लाख लिटर पानी उत्पादन गरी दैनिक सरदर ७ देखि ८ घण्टा वितरण गर्दै आइरहेको छ । हाल हेटौंडाको मुख्य नगरक्षेत्रभित्र २४ सैं घण्टा पानी वितरण गर्न बोर्ड सफल भएको छ । नगरक्षेत्रभित्र वडा नं. ४, ५, ६, ७, १४ र १५ मा करिब ५४ लाख ७४ हजारको लागतमा २३ हजार ४ सय मिटर पाइपलाइन विस्तारकार्य वोलपत्रको माध्यमबाट सम्पन्न गरिएको छ । विभिन्न साइजको करिब १ लाख ४ हजार मिटर १ करोड १८ लाख बराबरको पाइप बोलपत्रको माध्यमबाट खरिद गरिएको छ ।

हेटौंडा-८ मैदाटोलमा सशस्त्र प्रहरी बलको कम्पाउण्डभित्र समवेल निर्माण गरी प्रतिमिनेट १२ सय लिटर पानी उत्पादन गरी वितरण गरिएको र मकवानपुरगढी गाउपालिका-४ स्थित सामरीपुल नजिकै प्रतिदिन ६० लाख लिटर पानी उत्पादन क्षमताको समवेल निर्माण गरी पानी वितरण गरिएको छ । हेटौंडा-१६ हटियामा शक्तिखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिअन्तर्गत रहेको खानेपानीको स्रोत, पानी भण्डारण टंकी सहित ५५७ वटा धारा बोर्डमा हस्तान्तरण गरियो । शक्तिखोलामा पानीको स्रोत पर्याप्त भएकाले सेही पानी हटियाको चिसापानीमा ल्याएर वडा नं १५, १६, १७ र १८ सम्म वितरण गर्न सकिने सम्भावना देखिएको बताइएको छ । हेटौंडा-१७ हटिया चिसापानीमा २०८० कार्तिक १६ गतेदेखि शाखा कार्यालय संचालनमा ल्याएर नियमित महशुल संकलन, नयाँ धारा जडानलगायत आवश्यक मर्मतसम्भार कार्य शाखा कार्यालयमार्फत गराउदै आइरहेको र यो क्षेत्रका सेवाग्राहीलाई चिसापानीमा शाखा कार्यालय स्थापना भएपछि धेरै सहज भएको बोर्डले जनाएको छ । पानी परीक्षण प्रयोगशालाको भौतिक पूर्वाधार स्तरोन्नति गर्ने, बोर्ड अन्तर्गत रहेका खानेपानीका पूर्वाधारको सुधार र विस्तारको कार्य, खानेपानीका स्रोतको सुरक्षा एवम् संरक्षण कार्य, बोर्डको सेवाक्षेत्रभित्र २ स्थानमा डिप ट्यूवेल निर्माण, पानी पुनर्भरण (रिचार्ज) पोखरी स्थानीय तह र सामुदायिक वनसँगको सहकार्यमा निर्माण कार्य गरिएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १ गते शनिबार १७ अगष्ट २०२४ । त्रयोदशी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३६, सूर्यास्त ६:३८ । शनि प्रदोष व्रत । भाद्र संक्रान्ति । कीर्तिपुरमा बाघभैरव पर्व ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# कतै जनार्दन शर्मा पनि भीम रावलजस्तै गुमनाम बन्नुपर्ने हो कि ?



✍ सोमबहादुर थापा

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) भित्र जनार्दन शर्माद्वारा प्रस्तुत नेतृत्व परिवर्तन, हस्तान्तरण र औचित्यसम्बन्धी प्रस्तावमा सनसनीपूर्ण बहस भइरहेको देखिन्छ । लोकतन्त्रमा यसलाई सहजरूपमा लिइनुपर्ने हो तर माओवादीभित्र यसलाई सहजरूपमा लिएको पाइँदैन । किनभने माओवादी कम्युनिस्ट पार्टी हो । यसैले माओवादीलाई लोकतान्त्रिक पार्टी मानिदैन । यस्ता पार्टीका सबैजसो गतिविधि र निर्णयहरू अपार दर्शी हुनेगर्छन् । सबै निर्णयमा नेतृत्वकै मुख्य भूमिका हुन्छ । अर्को कुरा, माओवादीजस्तो कट्टर कम्युनिस्ट पार्टीमा अरू पार्टीमा झैं सहजरूपमा नेतृत्व परिवर्तन र हस्तान्तरण हुनेगरेको पाइँदैन ।

चीनमा अध्यक्ष माओत्से तुङ जीवित रहेसम्म देङ्ग सियायो पिङ नेतृत्वमा आउन त सकेनन् नै गुमनाम बनाइए । माओको मृत्युपछि बल्ल देङ नेतृत्वमा आए । क्युबाका तत्कालीन राष्ट्रपति फिडेल क्यास्ट्रोले चाहुन्जेल अरू कसैले नेतृत्व खोज्ने आँट गरेनन् । उनीपछि उनकै भाइ उत्तराधिकारी बने । सोभियत रुसमा नेतृत्व हस्तान्तरण कहिल्यै सहजरूपमा भएन । उत्तर कोरियामा त नेतृत्व वंशानुगत बनेको उदाहरणै छ । कम्युनिस्ट र निरंकुश शासनमा नेतृत्व परिवर्तन र हस्तान्तरण सहजरूपमा हुनेगरेको देखिँदैन । कम्युनिस्ट पार्टी र निरंकुश शासनमा त नेतृत्व परिवर्तन वा हस्तान्तरणका सबाल उठाउनुमात्र पनि अपराध मानिने गरेको देखिन्छ ।

पुष्पकमल दाहाल 'प्रचण्ड' माओवादी पार्टीको नेतृत्वमा बसेको पैंतीस वर्षभन्दा बढी भइसकेको छ । नेपाल मजदूर किसान पार्टीबाहेक नेपालका अरू पार्टीमा यति लामो समयसम्म नेतृत्वमा रहने नेता कोही भेटिँदैन । बीपी कोइरालाले आफू सक्रिय हुँदैमा कृष्णप्रसाद भट्टराई पार्टीको नेतृत्व हस्तान्तरण गरेका थिए । गणेशमान सिंह त पार्टीको नेतृत्वमै पुगेनन् । कृष्णप्रसाद भट्टराईले महाधिवेशनमार्फत् कांग्रेसको नेतृत्व गिरिजाप्रसाद कोइरालामा हस्तान्तरण गरेका थिए ।

कोइरालापछि सुशील कोइराला हुँदै सभापति शेरबहादुर देउवा पनि प्रतिस्पर्धाबाटै नेतृत्व पुगेका हुन् । नेपाली कांग्रेसको विधानअनुसार पार्टी सभापति दुई पटकभन्दा बढी समय हुन नपाउने व्यवस्थाअनुसार अब नेपाली कांग्रेसको नेतृत्व अर्को व्यक्तिमा जानेछ । यसका लागि नेपाली कांग्रेसभित्र ठूलो दौडधुप भइरहेको चर्चा पनि चलिरहेको छ । माओवादीमा जस्तो नेपाली कांग्रेसमा नेतृत्वको परिवर्तन र हस्तान्तरणको कुरा गर्दा कर्के नजर लगाउने चलन पाइँदैन । कांग्रेसको नेतृत्व परिर्तनको मूल अभ्यास नै प्रतिस्पर्धाबाट नेतृत्व चयन गर्ने हो ।

यता, नेकपा (एमाले)मा मदन भण्डारीको अस्वाभाविक मृत्युपछि माधवकुमार नेपाल लामो समयसम्म महासचिव रहे । त्यसपछि झलनाथ खनाल हुँदै केपी शर्मा ओली पार्टी अध्यक्ष बनेका छन् चुनावी प्रतिस्पर्धाकै आधारमा । एमाले माओवादीजस्तो 'हार्डलाइनर' पार्टी नभए पनि कहिले काँही नेतृत्व परिवर्तन र हस्तान्तरणमा यसले कडा रूप अख्तियार गरेको पाइन्छ । हालका प्रधानमन्त्री एमाले अध्यक्ष केपी शर्मा ओलीसँग प्रतिस्पर्धा गर्न उत्रिएका भीम रावल अहिले गुमनाम छन् ।

शेरबहादुर देउवासँग सभापतिमा प्रतिस्पर्धा गरेका शेखर कोइराला पार्टीमा सशक्त देखिनु र भीम रावल गुमनाम हुनुमा लोकतान्त्रिक कारण अन्तर्निनिहत हो कि भन्ने देखाउँछ । माओवादीमा पनि नेतृत्वसँग असन्तुष्ट जनार्दन शर्माले भीम रावलजस्तै गुमनाम बन्नुपर्ने हो कि ? कम्युनिस्टमा चुनौती दिनेलाई किनारै लगाउने प्रवृत्ति देखिन्छ । समयमै नेतृत्व परिवर्तन र हस्तान्तरण भएन भने कुनै पनि पार्टीमा नेतृत्व संकट आउन सक्छ । माओवादीमा दाहालपछि नेतृत्वमा को आउलान् ? अन्योलै छ । एमालेमा पनि केपी शर्मा ओलीपछि नेतृत्वमा को ? प्रश्न अनेक कोणबाट उठेकै छन् । कांग्रेसमा पनि दूरदर्शी नेताको अभाव खट्किँदै गएको टीकाटिप्पणी बढेकै छ ।

अर्को कुरा, आफ्नो पार्टीको नेता बन्दैमा कोही पनि देशको नेता नेता बन्न सक्तैन । भारतकै उदाहरण लिने हो भने राहुल गान्धीलाई यो अवस्थामा पुग्न धेरै मेहनत गर्नुपरेको थियो । अझै उनमा परिपक्वता आइसकेको छैन भन्ने गरिन्छ । नेतृत्वमा पुग्नेलाई अरू पार्टीका नेता र जनसाधारणले पनि पत्याउन आवश्यक हुन्छ । नेताले जनतालाई पनि विश्वासमा लिन सक्नुपर्छ । अब त कुनै पनि पार्टीको नेतालाई अन्तर्राष्ट्रिय समुदायले पनि मान्ने हैसियत राख्न सक्नुपर्छ । यसका लागि नेताले धेरै किसिमका सीप, योग्यता, दक्षता, कला र विशेषता हासिल गर्नु आवश्यक हुन्छ ।

यो जमानामा लोकतान्त्रिक नेता नभईकन कसैले पनि पत्याउँदैन । जनादर्न शर्माले अध्यक्ष दाहाललाई लोकतान्त्रिक विधि र प्रक्रियाबाट पार्टी सञ्चालन गर्न र नेतृत्वमा आउन चुनौती दिएको देखिन्छ । साथै, पार्टी संगठन ध्वस्त बनाएको र जनमत घटेको उदाहरण पनि उनले पेस गरेका छन् । राजनीतिमा पार्टी संगठन कमजोर हुनु र जनमत घट्नुलाई गम्भीर रूपमा लिने चलन संसारभर नै छ ।

पार्टी संगठनको हिसाबले हेर्दा कांग्रेसभन्दा एमाले अगाडि देखिन्छ । तर, पनि जनाधारित (मासबेस्ड) पार्टी भएकाले कांग्रेसले जनताको राम्रो समर्थन र भोट पाइरहेको देखिन्छ । अब भने सायद कांग्रेसलाई संगठन दह्रो र फराकिलो नबनाई सुख छैन । नेतृत्व परिवर्तन वा हतान्तरण नियमितरूपमा चलिरहने प्रक्रिया हो । नेतृत्व राजनीतिक क्षेत्रका लागि मात्रै आवश्यक सबै क्षेत्रका लागि आवश्यक हुन्छ तर राजनीतिक क्षेत्रमा नेतृत्वको चर्चा र महत्त्व बढी हुने गर्छ । तसर्थ, नेतृत्व परिवर्तन र हस्तान्तरण भन्नासाथ राजनीतिक नेतृत्व परिवर्तन र हस्तान्तरण भन्ने बुझिन्छ ।

नेतृत्व परिवर्तन र हस्तान्तरण सामान्यत: तीन किसिमले हुने गरेको देखिन्छ । पहिलो तरिका चुनावमार्फत नेतृत्व चयन वा हस्तान्तरण, दोस्रो कु वा विद्रोहद्वारा र तेस्रो नेताको मृत्यु भएमा । पहिलो तरिकालाई अधिकांश लोकतान्त्रिक मुलुकमा अभ्यास गर्ने गरिएको देखिन्छ । लोकतान्त्रिक पार्टीमा नेतृत्व परिवर्तन हस्तान्तरणलाई स्वाभाविकरूपमा लिने गरिन्छ । लोकतान्त्रिक मुलुकहरूमा त चुनावमार्फत नेतृत्व परिवर्तन र हस्तान्तरण हुने गर्छ । यसलाई सामान्यत: लोकतान्त्रिक अभ्यास भन्ने गरिन्छ । यो अभ्यास सबैका लागि स्वीकार्य पनि हुन जान्छ ।

कतिपय लोकतान्त्रिक मुलुकहरूमा पनि नेतृत्व परिवर्तन र हस्तान्तरण सहजरूपमा हुनेगरेको पाइँदैन । लोकतान्त्रिक आवरणभित्र अलोकतान्त्रिक भावनाले काम गरेको कारण यस्तो हुनेगरेको हो । संयुक्त राज्य अमेरिकाका वर्तमान राष्ट्रपति जो बाइडेन सन् २०२४ को राष्ट्रपतीय चुनावमा रिपब्लिकन पार्टीका उम्मेद्वार डोनाल्ड ट्रम्पसँग प्रतिस्पर्धा गर्दै थिए । एक्कासि उनले उमेदवारी त्यागेर उपराष्ट्रपति कमला ह्यारिसलाई राष्ट्रपतिको उमेदवार बनाउने घोषणा गरे ।

वास्तवमा भन्ने हो भने राष्ट्रपति वाइडेनलाई नेतृत्व छाड्नै पर्छ भनेर दबाब दिने ठूला नेता कोही थिएनन् । तर, उनले विवेकले नै यो उमेदवारी छाडे । यसलाई विश्वको लोकतान्त्रिक अभ्यासको एउटा नमुना नै मान्नुपर्ने हुन्छ । सबैले उनलाई महान नेता भन्न थालेका छन् । चुनाव लडेर पराजित हुनुपरेको भए जो बाइडेनले यस्तो सम्मान पाउने थिएनन् । भारतमा सन् २०२४ को संसदीय चुनाव हुनु अघिसम्म प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो अनुकूल व्यक्तिलाई नेतृत्व हस्तान्तरण गर्छन् कि भन्ने अनुमान पनि गरिएको थियो । तर, उनले यसो गरेनन् । सम्भवत: यो पाँच वर्षपछि उनले नेतृत्व सहजरूपमा हस्तान्तरण गर्नेछन् ।

बेलायतमा संसदीय चुनावमा प्रचण्ड बहुमत ल्याएका तत्कालीन प्रधानमन्त्री बोरिस जोन्सनले पाँच वर्षे कार्यकाल पूरा नहुँदै नेतृत्व हस्तान्तरण गरे । उनीपछि प्रधानमन्त्री भएकी लिज ट्रसले पनि अत्यन्त छोटो समयमा अर्का नेता ऋषि सुनक्लाई नेतृत्व हस्तान्तरण गरिन् । चुनावमा पार्टीले हारेकाले सम्भवत: ऋषि सुनकले पनि छिटै नेतृत्व हस्तान्तरण गर्दैछन् ।

एकपटक कार्यकारी पदमा चुनिनासाथ निरंकुश, भ्रष्टाचारी र शोषण दमनमा लागे, त्यस्ता नेतालाई जनताले तत्कालै सडकमा झार्न सक्छन भन्ने उदाहरण हालै बंगलादेशमा विद्यार्थीहरूले देखाएका छन् । विद्यार्थीहरूकै विरोधका कारण प्रधानमन्त्री शेख हसिना वाजेद देश छाड्न बाध्य भइन् । यसरी नै डेढ वर्ष अगाडि श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्छे पनि जनताको विरोधका कारण देश छाडी बाहिर जान बाध्य भएका थिए । यी उदाहरणले पनि नेता बन्ने मानिसले धेरै कुरा सोच्नुपर्ने रहेछ भन्ने स्पष्ट हुन्छ ।

नेपालमा अहिले कुनै दलका नेताप्रति जनताको विश्वास र भरोसा जाग्न सकेको देखिँदैन । यस्तो स्थिति रहिरहेमा बंगलादेश र श्रीलंकामा झैं नेपालमा पनि विरोधको बाढी आउन सक्छ । यसतर्फ सबै पार्टीका नेताहरूको ध्यान जान जरुरी देखिन्छ ।

*(साभार: बाह्रखरी)*

# प्रत्यक्ष वैदेशिक लगानीमा ऊर्जा कानुन

✍ ढुनबहादुर बुढाथोकी

नेपालमा कुल ८३ हजार २ सय ९० मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेकोमा प्राविधिक दृष्टिकोणबाट ४५ हजार ६ सय १० मेगावाट र आर्थिक दृष्टिकोणबाट ४२ हजार १ सय ३३ मेगावाट उपयुक्त ठम्याइएको छ । तथापि, २०८१ साउनसम्ममा जडित क्षमता ३ हजार २ सय मेगावाट मात्र पुगेको छ ।

जुन कुल सम्भावनाको ३.८५ प्रतिशत मात्र हो । जलविद्युत् उत्पादनको शुरुवात भएको १ सय १३ वर्षमा प्राप्त भएको उपलब्धि आफैँमा उत्साहजनक भने होइन । जलविद्युत् आयोजना निर्माण आफैँमा नीतिगत क्षेत्र पनि हो । जलविद्युत् क्षेत्रमा आवश्यक पर्ने अनुमतिपत्र प्रदान गर्न, जलविद्युत् विकाससँग जोडिएर आउने वन, भूमि, वातावरण, कर, रोयल्टी, लगानी सुरक्षा, आर्जित आय स्वदेशमा लैजाने व्यवस्था, भिसालगायतका विषयहरु प्रबन्धका लागि ऐन, कानुनहरु तर्जुमा गर्ने गरिएका छन् ।

प्रस्तुत सन्दर्भमा भूमि ऐन २०२१, भूमि प्राप्ति ऐन २०३४, विद्युत् ऐन २०४९, विद्युत् नियमावली २०५०, जलविद्युत् नीति २०५८, अन्य प्रयोजनका लागि वनजन्य भूमि उपलब्ध गराउने कार्यविधि २०६३, वन ऐन २०७६, वन नियमावली २०७९, वातावरण ऐन २०७६, वन संरक्षण नियमावली २०७७, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण नीति २०६३, औद्योगिक नीति २०६७, वैदेशिक लगानी नीति २०७१, वाणिज्य नीति २०७२, कम्पनी ऐन २०६३, औद्योगिक व्यवसाय ऐन २०७३, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ लगायतका ऐन-कानुनहरु जारी भई सञ्चालनमा रहेका छन् ।

**नीतिगत सबलता :**

प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धनका लागि कम्पनी ऐन, औद्योगिक व्यवसाय ऐन, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनलगायतका ऐन-कानुनहरु अगाडि सारिएका छन् । कानुनत: स्वदेशी र विदेशी लगानीकर्ता बीच कुनै विभेद गरिएको छैन । जलविद्युत् आयोजना निर्माणका लागि अनुमतिपत्र प्रदान गर्ने कानुनी आधारहरु पारदर्शी तुल्याइएको छ । लगानीकर्तालाई मूल्य अभिवृद्धि कर, भन्सार दर लगायतका क्षेत्रमा अनेकन सहुलियतहरु उपलब्ध गराइएको छ ।

जलविद्युतसँग सम्बन्धित ऐन-कानुनहरुमा वैदेशिक लगानी भित्र्याउने गरी अनेकौं सेवा, सुविधा तथा प्रावधानहरुको प्रबन्ध गरिएको छ । जहाँ जलविद्युत् विकास नीति २०५८ अनुसार, विदेशी लगानीकर्ता, निजको अधिकृत प्रतिनिधि तथा आयोजनाको निर्माण तथा सञ्चालनसम्मको लागि आवश्यक पर्ने विशेषज्ञ, दक्ष कर्मचारी, निजको परिवारलाई गैरपर्यटकीय भिसा तथा वर्कपरमिट उपलब्ध गराइने प्रावधान छ ।

जलविद्युत् आयोजना निर्माणमा आवश्यक पर्ने मेसिनरी, यन्त्र तथा पाटपूर्जामा १ प्रतिशतको मात्र भन्सार महसुल लगाइने व्यवस्था छ । विद्युत् महसुल र जलविद्युत् आयोजनामा प्रयोग हुने संयन्त्र, उपकरण, जगेडा पाटपूर्जा आयातलाई मूल्य अभिवृद्धिबाट मुक्त गरिएको छ । लगानीकर्ताले लगानी गरेको पूँजी, विदेशी मुद्रा लिएको स्वीकृत ऋणको ब्याज, आयोजनाबाट आर्जित लाभांश, शेयर बिक्रीबाट प्राप्त रकम फिर्ता लैजान सक्छन् । प्रवर्द्धकले अनुमतिपत्र प्राप्त गर्दाको बखतमा गरेको सम्झौता वा सर्तबाहेक आयोजनामाथि कुनै थप कर, शुल्क, महसुल तिर्नुपर्दैन । जलविद्युत् आयोजनाले भवितव्य, प्राकृतिक दुर्घटना सामना गर्नुपरेमा उत्पादन अवधि ५ वर्ष थप हुन सक्छ । निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण (बीओओटी) मोडलमा निर्माण भएको जलविद्युत् आयोजना अनुमतिपत्र अवधि समाप्तिपश्चात् उक्त आयोजना सञ्चालनाका लागि पूर्वसञ्चालक कम्पनीलाई पहिलो प्राथमिकता दिइन्छ ।

वैदेशिक लगानी नीति २०७१ अनुसार, वैदेशिक लगानीकर्तालाई विदेशी विनिमय सटही सुविधा प्राप्त हुन्छ । लगानीकर्तालाई औद्योगिक सुरक्षाको प्रत्याभूति सरकारले गर्दछ । लगानीकर्तालाई स्वदेशी लगानीकर्तासरह व्यवहार मात्र गरिँदैन, बल्की अनुमति अवधिसम्म उद्योगलाई राष्ट्रियकरण नगरिने सुनिश्चितता सरकारले प्रदान गर्दछ । जलस्रोत ऐन २०४९ ले जलविद्युत् उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रुपमा सूचीकृत गरी तदनुरुपको सुविधाको सुनिश्चय गरेको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ अनुसार, वैदेशिक लगानीमा स्थापना भएका उद्योगले तालुक मन्त्रालयको सिफारिस तथा नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी संस्थाबाट परियोजना ऋण लिन सक्छन् । वैदेशिक लगानीको अधिकतम सीमामा बारबन्देज लगाइएको छैन । विदेशी लगानीले विदेशी मुद्रामा खाता खोल्न सक्छन् । विदेशी लगानीकर्तालाई प्राप्त सुविधामा असर पर्ने गरी निजको मञ्जुरीविना कुनै सेवा-सुविधा परिवर्तन गरिँदैन ।

विगतमा साना-ठूला सबै लगानीको अनुमतिको उद्योग विभागबाट उपलब्ध गराइने गरेकोमा लगानी बोर्ड ऐन २०६८ पस्की ठूलो लगानीको कार्य लगानी बोर्डमार्फत हुने गरेको छ । प्रधानमन्त्रीको मातहतमा रहेको उक्त बोर्डबाट २ सय मेगावाट क्षमताभन्दा ठूला जलविद्युत् आयोजना अनुमतिपत्र प्रदान गर्ने प्रावधान छ ।

प्रस्तुत नीतिगत सबलताको कारण सन्१९९५ को दशकमा नर्भेजियन प्रत्यक्ष वैदेशिक लगानीमा ६० मेगावाट क्षमताको खिम्ती र अमेरिकन प्रत्यक्ष वैदेशिक लगानीमा ४५ मेगावाट क्षमताको माथिल्लो भोटेकोशी आयोजना निर्माण भएका हुन् । त्यस्तै हालसालै, भारतीय प्रत्यक्ष वैदेशिक लगानीमा ९ सय मेगावाट क्षमताको अरुण तेस्रो, ६ सय ७० मेगावाट क्षमताको तल्लो अरुण, ९ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली, ७ सय ६० मेगावाट क्षमताको पश्चिम सेती, ४ सय ५० मेगावाट क्षमताको एसआर सिक्स, ४ सय ८० मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत् आयोजनाका साथै चिनियाँ प्रत्यक्ष वैदेशिक लगानीमा ५० मेगावाट क्षमताको मर्स्याङ्दी, १ सय ३५ मेगावाट क्षमताको मनाङ-मर्स्याङ्दी, १ सय ३९.२ मेगावाट क्षमताको मनाङ-मर्स्याङ्दी वान र ३ सय २७ मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी-टु जलविद्युत् आयोजना, दक्षिण कोरियाली प्रत्यक्ष वैदेशिक लगानी रहेको २ सय १६ मेगावाट क्षमताको त्रिशूली वान आयोजना अगाडि बढेका छन् ।

**नीतिगत दुर्बलता :**

राम्रो ऐन-कानुन तर्जुमा गरिनु र व्यवहारमा लागू गरिनु फरक कुरा हुन् । राम्रो कानुन तर्जुमा गरिनु तर लागू गर्न नसक्नु वा लगानीमैत्री प्रावधान समेट्न नसक्नु भनेको कानुन नबन्नुजस्तै हो । जलविद्युत् क्षेत्रमा राम्रा भनिएका कतिपय प्रावधानहरु अझै लागू हुन सकेका छैनन् भने कतिपय प्रावधानहरु लगानीकर्ताको घाँटी थिच्ने प्रकृतिका छन् ।

वैदेशिक लगानी नीति २०७१ मा जलविद्युत् आयोजनामा प्रयोग हुने सामग्रीमा लगानीकर्ताले तिरेको कर, महसुल प्रतिइकाइ लागतका आधारमा एकमुष्ट नगद अनुदान दिन सक्ने प्रावधान भईकन पनि लगानीकर्ताले तिरेको मूल्य अभिवृद्धि कर अनुदानको रुपमा उपलब्ध नगराइने उल्लेख भए तापनि सो अनुरुप राहत प्राप्त भएको छैन । विद्युत् ऐन २०४९ मा उत्पादन, प्रसारण र वितरणको अधिकतम अवधि ५० वर्ष निर्धारण भएकोमा जलविद्युत् विकास नीति २०५८ मा ३५ वर्षमै सीमित गरिएको छ ।

प्रतिस्पर्धा प्रवर्द्धन ऐन २०७३ मा बजार एकाधिकार हुनु नुहुने उल्लेख भए तापनि जलविद्युत् व्यापारमा अहिले पनि नेपाल विद्युत् प्राधिकरणको एकाधिकार रहेको छ । औद्योगिक व्यवसाय ऐन २०७३ मा जलविद्युत् उद्योगधन्दामा निर्माण तथा सञ्चालनका लाागि आवश्यक पर्ने जग्गामा हदबन्दी छुटको व्यवस्था भईकन पनि उक्त प्रावधान व्यवहारमा लागू हुन सकेको छैन । उद्योगी व्यवसायीलाई आवश्यक सेवा-सुविधा एकल विन्दु सेवा केन्द्रमार्फत उपलब्ध गराउने उल्लेख भईकन पनि व्यवहारमा लागू हुन सकेको छैन । सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ मा परियोजना कार्यान्वयनका लागि आवश्यक पर्ने जग्गा लगानीकर्ताले आफैँ प्रबन्ध गर्नुपर्दछ भनिएको छ ।

यी नीतिगत दुर्बलताको कारण विततमा ७ सय ५० मेगावाट क्षमताको पश्चिम सेती आयोजनाबाट चिनियाँ कम्पनी थ्रीगर्जेज, १२ सय मेगावाट क्षमताको बूढीगण्डकी आयोजनाबाट चिनियाँ कम्पनी गुजुवा फिर्ता भएको हो । त्यस्तै, अति आकर्षक भनिएको ९ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली आयोजना निर्माणका लागि लगानी जुटाउन भारतीय कम्पनी जीएमआर इनर्जीले आनाकानी गरेको हो । यसै कारण १० हजार ८ सय मेगावाट क्षमताको कर्णाली चिसापानी आयोजना निर्माणार्थ विदेशी लगानीकर्ता तयार नभएका हुन् ।

लगानी सुरक्षासहित अधिकभन्दा अधिक प्रतिफल प्राप्त गर्नु हरेक लगानीकर्ताको मूल उद्देश्य रहेको हुन्छ । यी उद्देश्य प्राप्तका लागि निश्चित मानकहरु हुन्छन् । यसैले लगानीकर्ताले लगानी गर्न सरकारको स्थायित्व, नीति र कानुनी स्थायित्व, प्रवेश र बहिर्गमनको सहजता, कानुन नियमन गर्ने निकायहरु प्रभावकारिता, शुसासनको अवस्था, कर्मचारीतन्त्रको व्यवहार, छुट तथा सहुलियतलगायतका सूचकांक विश्लेषण गर्दछ । अर्थात्, लगानी निर्णयका लागि यी सूचकांकहरु लगानीकर्ताको नजरमा सकारात्मक हुनुपर्दछ ।

प्रस्तुत सन्दर्भमा, हामीले जलविद्युत् क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन जग्गा प्राप्ति, मुआब्जा, रुख कटानी, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रसारण लाइन, पुनर्वास, पुनर्स्थापन, सुरक्षा, स्थानीयको माग, विद्युत् व्यापार, ऊर्जा बजार, कर्मचारीतन्त्र, स्थानीयको माग, विद्युत् व्यापार सम्झौता (पीपीए), छुट, सहुलियत, सरकारले गरेका बाचा आदि क्षेत्रमा रहेका बाधा-व्यवधानहरुको व्याहारिक र कानुनी निरुपण गर्नुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# डीडीसी र ठूला उद्योगको मारमा किसान, २ अर्ब बढी बक्यौता

काठमाडौं/चितवन रत्ननगर नगरपालिका सुन्दरचोकका स्थानीय किसान नरबहादर डाँगी फार्ममा भएको गाईभैंसी बेच्ने तरखरमा छन् । प्रत्येक महिना अन्तिममा नजिकै रहेका किराना पसलेहरू फार्म आएर पैसा माग्न थालेपछि डाँगीलाई आपत परेको छ । यसको कारण हो डाँगीले बेचेको दूधको पैसा नपाउनु । ११ भैंसी र ७ गाई पालेका उनले तीन महिनाको बक्यौता ९ लाखभन्दा धेरै लिन बाँकी छ ।

'चार वटा जति पसलका मान्छे ढुटो चोकरको पैसा लिन आइसके । टोल छिमेकमा पनि सापटी मागेको छु । यत्रो फार्म चलाउँदा नि पैसा खेलाउन पाएको छैन । दुधको पैसा समयमा आउने हो भने सबै ठिक हुन्थ्यो,' डाँगीले भने । उनले अहिले दूधको पैसा समयमा नपाउँदा अवस्था नाजुक भएको बताए । दुई वर्ष अगाडि सुरु गर्दा केही समस्या थिएन । तर, अहिले धेरै नै समस्या भएको बताए । 'यही हो भने भएको गाईभैंसी बेचेर खाडी जानुपर्छ,' डाँगीले भने ।

हेटौंडा उपमहानगरपालिका-१४ स्थित मुक्तिनाथ एकीकृत कृषि फर्म सञ्चालक गीता अधिकारीको तीन महिनाको १ लाख २० हजार रुपैयाँ दूध बिक्रीको पैसा रोकिएको छ । स्थानीय कृषि सहकारीबाट ऋण लिएर दाना, ढुटो, चोकर खरिद गरेर आधा दर्जन गाईलाई खुवाउँदै आएको अधिकारी बताउँछिन् । उनलाई घर खर्चभन्दा पनि ऋणको साँवा तिर्न नसकेकोमा बढी चिन्ता छ । 'घर खर्च त जसरी पनि चलाउँथे । दाना, चोकर किनेकै ऋणको साँवा तिर्न सकेको छैन,' उनले भनिन् ।

काभ्रेका अगुवा किसान नारायण नेपाल दूधको बक्यौता रकम भुक्तानी नहुँदा पूरै जिल्लाका किसान समस्या रहेको बताए । 'भुक्तानी नहुँदा किसानलाई दैनिकीमै समस्या छ, अहिले ढुटो किन्ने पैसा पनि छैन, एउटा पसलबाट उधारोमा लिएको पत्याउन छाडेपछि अर्को पसलमा जान परेको छ,' नेपालले संचारकर्मीसँग भने ।



नेपालको मात्रै ११ हप्ताको पैसा लिन लिन बाँकी छ । उनले आफू जस्तै सयौं किसान समस्यामा रहेको बताए । 'दूधको रकम भुक्तानी गर्न एक हप्ता भनेर १५ दिन छुट्याएको हुन्छ । केही साथीको २० हप्ताभन्दा बढी रकम बक्यौता भइसक्यो,' नेपालले भने ।

'अन्य स्थानको त थाहा छैन, तर काभ्रेमा कतिपय सहकारीले ऋण लिएर भए पनि किसानको दैनिकी चलाउन सहयोग गरिरहेका छन् । हामीले दूग्ध सहकारी मार्फत डीडीसी र डेरी उद्योगहरूलाई बेच्ने गर्छौं ।' मकवानपुरगढी गाउँपालिका-६ का किसान विष्णु ढकालले स्थानीय उज्वल दुग्ध उत्पादक सहकारीलाई बिक्री गरेको दूधको १ लाख ७५ हजार रुपैयाँभन्दा बढी रकम लिन बाँकी छ ।

चैत २०८० मा पहिलो किस्ता लिएपछि उनले दूध बिक्री बापत पैसा नपाएको गुनासो गरे । दुइटा गाईको दूध बेचेर घर खर्च चलाउँदै आएका ढकालले अब खर्च धान्न मुस्किल परिसकेको छ । 'चार-पाँच महिना भइसक्यो । दूधको पैसा आएको छैन् । १ लाख ७५ हजार भइसक्यो लिन बाँकी । घरमा नुन, तेल बन्द हुने बेला भयो,' उनी गुनासो गर्छन् । ढकालले गाईभैंसी पालनभन्दा अर्को कुनै पेसा-व्यवसाय नगरेकाले समस्यासँग जुध्नुको विकल्प नभएको सुनाए ।

हेटौंडा-११ का भीमसेन हुमागाईको घर खर्च पनि दूध बिक्रीबाट प्राप्त आम्दानीको भरमा छ । तर, उनले दुई महिनादेखि पैसा नपाएको गुनासो गरे । 'दूधको फारम माग्न जाँदा बिक्री गरेको ठाउँबाटै नआएकाले दिन नसकेको भन्छन् । हामीलाई घर चलाउन गाह्रो परिरहेको छ । राज्यले पनि यसमा धेरै चासो दिएन कि जस्तो लाग्छ,' उनले सुनाए ।

मकवानपुरगढी-५ का लक्ष्मण दाहालले स्थानीय जनजागृति बहुद्देश्यीय सहकारी संस्थामा दैनिक १५ लिटर दूध बिक्री गर्ने गर्छन् । उनले जेठयता दूध बिक्री बापत पैसा नपाएको गुनासो गरे । ७० हजार भन्दा बढी रकम संस्थासँग लिन बाँकी रहेको उनको भनाइ छ । लक्ष्मणलाई पनि अन्य किसान जस्तै घर खर्च चलाउन धौधौ पर्न थालिसकेको छ । दूधको पैसा रोकिएपछि घरमा चुल्हो बल्न छाडेको जस्तो हुने दाहाल सुनाउँछन् ।

### डेरी उद्योगको बक्यौता १ अर्ब ६ करोड

डेरी उद्योग संघ नेपाल अन्तर्गत हालसम्मको बक्यौता १ अर्ब ६ करोड ३३ लाख ६९ हजार रुपैयाँ पुगेको छ । 'असार मसान्तसम्मको तथ्यांक अनुसार यति रकम भए पनि धेरै जस्तो उद्योग नियमित छन्,' संघका एक पदाधिकारी भन्छन् ।

उनका अनुसार अहिले केही ठूला डेरी उद्योगले पैसा नतिर्दा समस्या भएको हो । 'सुजल डेरी जस्ता ठूला उद्योगले करोडौं तिर्न बाँकी छ । यसले गर्दा पनि निजी उद्योगले भुक्तानी नदिएको देखिन्छ,' ती पदाधिकारीले भने, 'समग्रमा केही ठूला उद्योगल ठूलो रकम नतिर्दा समस्या भएको हो । मझौला तथा साना डेरी उद्योगमा खासै समस्या छैन ।' डेरी एसोसिएन नेपालले भने डेरीहरूले पैसा बक्यौता नराखेको जनाएको छ ।

'हाम्रो एसोसिएसन अन्तर्गत रहेका डेरीमा भुक्तानीको समस्या छैन । अधिकांश नियमित छन् । समस्या ठूला डेरी उद्योगमा हो,' अध्यक्ष प्रल्हाद दाहाल भन्छन्, 'केही डेरीको बक्यौता रहेको छ, तर उनीहरूले बक्यौता नतिर्दा सबै उद्योगलाई ट्याग लागिरहेको छ ।'

दाहालका अनुसार एसोसिएसनमा ३ सय बढी डेरी उद्योग आबद्ध छन् । दुग्ध उत्पादक सहकारी संघ केन्द्रीय अध्यक्ष अमर बहादुर कुँवरले राज्यकै कारण किसान समस्यामा परेको बताए । 'अहिले राज्यले यो-यो उद्योग र दुग्ध विकास संस्थान (डीडीसी) लाई भुक्तानी दिन लगाएर नियमित गर्ने हो भने समस्या नै हुँदैन,' उनले भने, 'अहिले सहकारीलाई पैसा नदिने पनि ठूला उद्योग नै धेरै छन् । त्योभन्दा धेरै त डीडीसी नै छ ।'

### डीडीसीको बक्यौता १ अर्ब ३८ लाख

डीडीसीका निमित्त महाप्रबन्धक राजेन्द्रप्रसाद अधिकारीका अनुसार अहिले किसानलाई डीडीसीले १ अर्ब ३८ लाख रुपैयाँ तिर्न बाँकी छ । 'पछिल्लो समय बिस्तारै बक्यौता घटाउँदै लगेका छौं । उत्पादन र बजारको तालमेल नमिल्दा धेरै दूधको प्रशोधित उत्पादन स्टक थियो,' अधिकारीले भने ।

उनका अनुसार नेपालमा वार्षिक करिब २६ लाख टन दूध उत्पादन हुन्छ । दूध उत्पादन अनुसार माग नहुँदा डेरी उद्योग र डीडीसीले प्रशोधन गरेर पाउडर दूध र मखन बनाउनु परिरहेको छ । 'गत आर्थिक वर्ष मात्रै हामीले १ करोड ७० लाख लिटर दूध प्रशोधन गरेर पाउडर मखन बनायौं । त्यसको रकम त होल्ड हुने नै भयो । त्यसरी थपिएको बक्यौता प्रत्येक दिन जसो लिज गर्दा पनि महिनाको ५ दिन जतिको रकमको दायित्व थपिँदै जान्छ,' अधिकारीले भने ।

डीडीसीका अनुसार मखन अब बिक्री हुन्छ । घिउको सिजन आउने हुँदा अब तिहारसम्म ४ लाख किलो घिउ बिक्री हुने अनुमान छ । 'स्टक कटेपछि किसानको भुक्तानी तीव्र हुन्छ । डीडीसीले दैनिक १ करोडको व्यापार गर्दा सबै खर्च खटाएर करिब ८० लाख जति अहिले पनि सहकारी मार्फत किसानलाई पैसा दिइरहेको छ,' अधिकारीले भने ।

नेपालमा दूधजन्य पदार्थ खपत बढ्न नसक्दा बजार नपाइरहेको उनले बताए । 'हाम्रो उत्पादन अनुसार बजार नै बनाउन सकिएको छैन । त्यसकारण खपत नभएको हो । खपत नहुँदा कन्भर्जन गर्नुपर्छ, कन्भर्जन गरेको दुग्धजन्य पदार्थ नबिक्दा पैसा हुँदैन । चेन नै रोकिन्छ,' उनले भने । किसानको दूधको बक्यौता रकम भुक्तानी नदिएको विषयमा राष्ट्रिय किसान आयोगले पनि ध्यानाकर्षण गराएको छ ।

आयोगकी प्रवक्ता जीवन्ती पौडेलका अनुसार किसानको बक्यौता राख्ने उद्योग र डीडीसीलाई पत्र लेखेर कति रकम भन्ने विवरण माग गरेर बैठक डाक्ने तयारी छ । 'किसानको समस्याबारे हामीले बारम्बार भन्दै आएका छौं । यो पटक पनि भनेका छौं । छिट्टै बैठक राखेर यसबारे थप ध्यानाकर्षण गराउँछौं,' पौडेलले भनिन् ।

*(अनलाइनखबरबाट)*

# बोर्डको अध्यक्षका लागि ६ जनाले दिए आवेदन, सम्भावना कसको ?

काठमाडौं/अभिनेता भुवन केसीको गत साउन ९ गते दुई वर्षे कार्यकाल सकिएपछि रिक्त रहेको चलचित्र विकास बोर्डको अध्यक्ष पदका लागि तालुकवाला निकाय सञ्चार मन्त्रालयले आवेदन मागेको थियो । बुधबार सकिएको समयसीमाभित्र ६ जनाले आवेदन दिएका छन् । करिश्मा मानन्धर, दिनेश डिसी, राजेश थापा, दीपा बस्नेत, अर्जुनकुमार डंगोल र प्रकाश भट्टराईले अध्यक्षमा आवेदन दिएका हुन् ।



अध्यक्षका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेर नेपाली चलचित्र उद्योगको स्थापना, विकास संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनमा निरन्तर कम्तीमा दश वर्ष कार्य गरेको वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी नेपाली चलचित्र उद्योगको स्थापना, विकास संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनमा कम्तीमा दश वर्ष कार्य गरेको हुनुपर्ने मापदण्ड तोकिएको छ ।

तर, बोर्ड अध्यक्ष पदका लागि आवेदन दिनुपर्ने एउटा प्रक्रिया मात्र हो । अझ भनौं देखाउने दाँत हो । अन्तिममा सरकारमा रहेको पार्टीसँग सम्बन्धित फिल्मकर्मीले नै नियुक्ति पाउने हुन् । अहिले सरकारमा एमाले छ र बोर्डको तालुकवाला निकाय पनि एमालेसँग छ । यसैले यसपटक आवेदन दिएकामध्ये एमाले निकट एकजना बोर्डको अध्यक्ष बन्नेछन् । र, आवेदन दिनेहरू प्राय: एमाले हुन् ।

सबैभन्दा पहिला दिनेश डिसीले आवेदन दिएका थिए । र, अध्यक्षमा प्रवल सम्भावना उनकै देखिन्छ । उनले प्रधानमन्त्री केपी शर्मा ओली र सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङसहित एमालेका केही शीर्ष नेतासँग पटकपटक भेट गरिसकेका छन् । उनलाई प्रधानमन्त्री ओलीले अध्यक्ष बनाउने आश्वासन दिइसकेको बताइन्छ । तर, बोर्ड अध्यक्षका लागि एमाले नेतृ करिश्मा पनि बलियो दावेदार हुन् ।

# 'सतीदेवी'को गीतमा सन्दीपसँग मलिकाको प्रेम

काठमाडौं/आगामी भदौ ७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'सतीदेवी'को रोमान्टिक गीत सार्वजनिक गरिएको छ । बिहीबार सार्वजनिक 'माया बसेको रैछ' बोलको गीतमा फिल्मकी मुख्य अभिनेत्री मलिका महत र नव-अभिनेता सन्दीप बाबु लोहानीबीचको प्रेमलाई दर्शाइएको छ । गीतमा लक्ष्मण सुवेदीको शब्द रचना, दीपक शर्माको संगीत तथा प्रताप दास र दीपा लामाको गायन छ ।



मलिकालाई कालोमोसो र जुत्ताको माला लगाएर प्रस्तुत गरिएको फर्स्टलुक पोस्टर सार्वजनिक भएपछि चर्चामा रहेको यो फिल्मको अघिल्लो साता सार्वजनिक ट्रेलरले हाइप बढाएको छ । अंश र वंश धान्न छोरा चाहिन्छ भन्ने पितृसत्तात्मक सोचलाई गम्भीर प्रश्न गर्दै छोरीले पनि आफ्नो कर्तव्य निभाउन सक्छन् भन्ने विषय फिल्मले उठाएको छ । यसका लेखक तथा निर्देशक लक्ष्मण सुवेदी हुन् ।

'सतीदेवी'मा मलिका र सन्दीपसँगै रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सृजना अधिकारी, मनिषा सापकोटा, सुजिता सिवाकोटी लगायतको पनि अभिनय रहेको छ । बाबु श्रेष्ठको छायांकन तथा तारा थापा (किम्भे)को सम्पादन रहेको फिल्मले केही फेस्टिभलहरुमा महतवपूर्ण विधामा अवार्ड जितिसकेको छ । फिल्मको गुणस्तर माथि विश्वास गर्न सकिने यो ठूलो आधार हो ।

# फूलपाती भिडन्त: इगोको लडाइँ कि विदाको लोभ ?

काठमाडौं/नेपाली निर्मातालाई कुनै चीजको सबैभन्दा बढी लोभ छ भने त्यो विदाको हो । क्यालेन्डरमा रातो देखेपछि लोभ जागिहाल्छ । अनि हानाथाप सुरु हुन्छ । दशैं र तिहार विदामा त सानोतिनो युद्ध नै देखिन्छ । अघिल्लो दशैंमा फिल्म रिलिज व्यवस्थित नै थियो । एउटै मितिमा भिड्न खोजेका 'भष्मे डन' र 'परदेशी २' पछि सहमतिमा रिलिज भए । तर, यसपालि सहमतिको वातावरण बन्ने देखिँदैन ।

घटस्थापना (असोज १७)मा दुई फिल्म 'बेहुली फ्रम मेघौली' र 'सानो संसार' प्रदर्शनमा आउँदैछन् । यतिबेला एउटा मितिमा दुईवटा फिल्म घरेलु बजार र हलले धान्न सक्ने अवस्था भएकाले यी दुई फिल्मको भिडन्तलाई सामान्य रुपमै हेरिएको छ । तर, फूलपातीमा भने नेपाली र विदेशी फिल्मको ओइरो लाग्दैछ । नेपाली तीनवटा आउँदैछन् भने विदेशी दुईवटा रिलिज हुने निश्चित भैसकेको छ ।

सम्भवत: फूलपातीतिर हलिउड फिल्म 'जोकर २' नेपालमा रिलिज हुन सक्नेछ । यसको विश्वव्यापी रिलिज असोज १८ गते भए पनि नेपालमा केही दिन ढिलो हुन सक्छ । यो सर्वाधिक प्रतिक्षा गरिएको हलिउड फिल्म भएकाले यसको असर फूलपातीको अघिपछि आउने नेपाली फिल्महरुलाई पर्ने निश्चित छ । फूलपातीमा साउथ फिल्म 'कंगुवा' पनि आउँदैछ । यसको प्रभाव ठूलै देखिन सक्छ ।

दुई ठूला विदेशी फिल्म दशैंमा आउन लागेको समयमा फूलपाती (असोज २४)मा तीन नेपाली फिल्म 'छक्का पञ्जा ५', '१२ गाउँ' र 'ज्वाइँ साब'बीच भिडन्त हुँदैछ । यी तीनवटै फिल्मले एकअर्कालाई ठूलो असर गर्नेमा दुईमत छैन । किनकि, फिल्म धेरै हुँदा हल र दर्शक बाँडिन्छन् । त्यसमाथि दुई ठूला विदेशी फिल्मले चुनौती दिँदैछन् । यद्यपि, दशैं विदाको फाइदा तीनवटैले उठाउन सक्छन् ।

फूलपातीको त्रिपक्षीय भिडन्तले ठूलो असर 'छक्का पञ्जा ५'लाई पुग्ने आँकलन कतिपयको छ । किनभने, यो बक्स अफिसमा रेकर्ड बनाउन सक्ने फिल्म हो । दशैं विदा एकलौटी मिलेको भए 'कबड्डी ४'को २२ करोडको रेकर्ड तोडिन सक्थ्यो । तर, यसपटक दुई ठूला विदेशी फिल्मसँगै '१२ गाउँ' र 'ज्वाइँ साब'ले 'छक्का पञ्जा ५'लाई ठूलो अंक जोड्नबाट रोक्न सक्ने सम्भावना प्रवल देखिन्छ ।





यी तीन फिल्म एकै मितिमा भिड्ने अवस्था आउनुमा दशैं विदा र इगो दुईवटै कुराले काम गरेको देखिन्छ । एक त दशैं विदा लामो छ । दशैंमा व्यापार पनि राम्रो हुन्छ । त्यसैले रिलिजको चाप देखिनु स्वभाविक नै हो । तर, 'छक्का पञ्जा ५'सँग 'ज्वाइँ साब' भिड्न लाग्नुमा दीपक-दीपा समूह र जितु नेपालबीचको इगो महत्त्वपूर्ण मानिएको छ । किनकि, उनीहरुबीच अहिले हार्दिक सम्बन्ध छैन ।

जितुले आफ्नो शोबाट दीपाश्री निरौलालाई हटाएपछि उनलाई 'छक्का पञ्जा' समूहबाट हटाइएको थियो । अब त्यसको बदला फिल्म जुधाएर तिर्ने मनस्थितिमा जितु देखिन्छन् । फूलपातीमा 'ज्वाइँ साब'लाई रिलिज गर्न उनी आफैंले चासो देखाएको स्रोत बताउँछ । 'छक्का पञ्जा ५' र 'ज्वाइँ साब'का वितरकबीचको इगोले पनि भिडन्तको वातावरण बनेको चर्चा यतिबेला फिल्मवृतमा भैरहेको छ ।

'ज्वाइँ साब'ले रिलिज तोकेकै दिन अभिनेता विराज भट्टले फूलपातीलाई '१२ गाउँ'को प्रदर्शन मिति तय गरेका थिए । यो फिल्म पनि आउने भएपछि 'छक्का पञ्जा ५' र 'ज्वाइँ साब'का निर्माता तनावमा देखिएका छन् । किनकि, अब सिंगल हल र मल्टीप्लेक्समा शो धेरै बाँडिन्छ । र, त्यसको असर व्यापारमा पर्नेछ । अब यो त्रिपक्षीय भिडन्तमा कसको पल्ला भारी हुने हो, त्यो हेर्न रोचक हुनेछ ।

# गट्ठाघरमा कसरी भयो स्कुटर चालकको मृत्यु हुने गरी दुर्घटना ?

काठमाडौं/भक्तपुरको मध्यपुर थिमी नगरपालिका-३ गट्ठाघरमा ट्रकको ठक्करबाट स्कुटर चालकको घटनास्थलमै मृत्यु भएको छ ।

बिहीबार दिउँसो १:४० बजे ना ६ ख २१७३ नम्बरको ट्रकले बा ४९ प ८९४४ नम्बरको स्कुटरलाई ठक्कर दिँदा एक महिलाको मृत्यु भएको उपत्यका ट्राफिक कार्यालयका एसएसपी जीवन श्रेष्ठले जानकारी दिए ।

ठक्कर दिएपछि ट्रकका चालक भने फरार छन् । घटनापछि आक्रोशित स्थानीयले ट्रकमा तोडफोड गर्नुका साथै गट्ठाघरमा मूल सडक अवरुद्ध पारेर प्रदर्शन गरे । स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास हानेको थियो ।



घटनाको तीन घण्टापछि प्रहरीले शव निकालेर पोष्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा पठाएको छ । शव पोष्टमार्टममा पठाएपछि मात्रै मृत्यु हुने महिलाको पहिचान खुलेको थियो ।

दुर्घटनापछि स्थिति तनावग्रस्त बनेपछि जिल्ला प्रहरी परिसर भक्तपुर र काठमाडौंका टोली र सशस्त्र प्रहरी बलको टोली समेत परिचालन गरिएको थियो ।

करिब दुई हजारको हाराहारीमा जम्मा भएको भीडले गट्ठाघर चोकको ट्राफिक आइल्याण्ड समेत तोडफोड गरेको थियो । बिहीबार साँझ अबेर मात्र गट्ठाघर क्षेत्र सामान्य बनेको जिल्ला प्रहरी परिसर भक्तपुरका एसपी वेद विष्टले बताए ।

प्रदर्शनकारीले सडकमा जथाभावी गाडी रोकेर चेकजाँच गर्दा दुर्घटना भएको भन्दै प्रहरीविरुद्ध आक्रोश पोखेका थिए । तर, प्रहरीले भने त्यस क्षेत्रमा बिहीबार ट्राफिक प्रहरीले गाडी रोकेर चेकजाँच नगरेको दाबी गरेको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसएसपी श्रेष्ठले ट्राफिक प्रहरीले दुर्घटना भएको स्कुटर र ट्रक कुनैलाई पनि नरोकेको बताए । उनका अनुसार गट्ठाघरमा 'स्पिड गन'मार्फत सवारीको गति अनुगमन भने गरिएको थियो ।

'स्पिड गनमार्फत गति हेरिएको थियो । तर त्यहाँ स्कुटर र ट्रकलाई रोकेर ट्राफिक जाँच गरेको होइन । गनमार्फत स्पिड गति हेरिरहेका बेला दुर्घटना भएको देखेपछि ट्राफिक दौडिएर घटनास्थल गएको देखिन्छ' एसएसपी श्रेष्ठले संचारकर्मीसँग भने ।

घटनापछि भक्तपुरको ट्राफिक प्रहरीसँग जानकारी लिँदा स्कुटर नरोकेको जवाफ आएको श्रेष्ठको भनाइ छ । प्रदर्शनकारीले ट्रापिकक चेकजाँचका क्रममा दुर्घटना भएको भनेकाले त्यस विषयमा अनुसन्धान हुने प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरीले सडकमा गाडीको गति जाँच गरिरहेको थाहा पाएपछि ट्रकले एक्कासी गति घटाउँदा दुर्घटना भएको प्रहरीको भनाइ छ ।

भक्तपुरका एसपी विष्टले पनि दुर्घटनामा परेका स्कुटर तथा ट्रक दुबै बिहीबार चेकजाँचमा नपरेको बताए । ट्राफिकले गति नापेको थाहा पाएर ट्रकले एक्कासी गति घटाउँदा स्कुटर अनियन्त्रित भएर ट्रकमुनि छिरेको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । यसबारे सीसीटीभी फुटेज हेरेपछि मात्रै आधिकारिक पुष्टि हुनेछ एसपी विष्टले बताए ।

'हामीले ड्युटीमा खटिएका ट्राफिकदेखि प्रत्यक्षदर्शीलाई समेत सोधपुछ गरेका छौं । तर ट्राफिकले रोकेर जाँच गरेको बेला दुर्घटना भएको देखिँदैन', विष्टले संचारकर्मीसँग भने । उनका अनुसार बनेपातर्फ जाँदै गरेका दुबै सवारी दुर्घटनामा परेका हुन् । दुर्घटना भएपछि दौडिएर घटनास्थल जाँदा उल्टै ट्राफिकमाथि आक्रमण भएको र भागेर ज्यान जोगाउनुपर्ने अवस्था आएको उनले बताए । यसबारे अझ विस्तृत अनुसन्धान गर्न सीसीटीभी फुटेजहरु हेर्न सुरु गरिएको एसपी विष्टले बताए ।

*(स्रोत: अनलाइनखबर)*

## साफ यू-२० च्याम्पियनसिप :

# प्रतियोगिता आउन ३ दिन बाँकी, मैदानकै टुंगो छैन

काठमाडौं/साफ यू-२० च्याम्पियनसिप प्रतियोगिता हुन ३ दिनमात्रै बाँकी हुँदा पनि खेल हुने मैदानबारे अझै टुंगो लागेको छैन । खेल भदौ २ गतेदेखि काठमाडौंमा सुरु हुँदैछ ।

आयोजक अखिल नेपाल फुटबल संघ एन्फाले प्रतियोगिताको तयारी पूरा भए पनि मैदानको टुंगो नलागेको बताएको हो । एन्फाले बिहीबार गरेको पत्रकार सम्मेलनमा प्रवक्ता सुरेश शाहले म्याच कमिसनर आएर बिहीबार साँझ निरीक्षण गरेपछि मात्रै प्रतियोगिता हुने स्थानको टुंगो लाग्ने बताएका हुन् ।

साफ यू२-० च्याम्पियनसिप दशरथ रंगशालामा हुने तय थियो । तर एएफसी च्यालेन्ज लिग प्लेअफ अन्तर्गत चर्च ब्वाइज युनाइटेड र पारो एफसीबीच मंगलबार दशरथ रंगशालामा भएको खेलपछि मैदान हिलाम्मे बनेकोले चौतर्फी आलोचना खेप्नुपर्‍यो ।

प्रवक्ता शाहले मैदान हिलाम्मे भएसँगै रंगशालामा साफ यू-२० च्याम्पियनसिपका खेल पनि अन्योल बनेको बताए । 'हामीले दशरथ रंगशालामा टुर्नामेन्ट हुन्छ कि हुँदैन भनेका छैनौं । निर्णय भाछैन । म्याच कमिसनर आएर हेरेपछि हुने नहुने थाहा हुन्छ', उनले भने ।

दशरथ रंगशालामा खेल नहुने भए विकल्पमा एन्फा कम्प्लेक्स पनि राखिएको प्रवक्ता शाहले बिहीबारको पत्रकार सम्मेलनमा जानकारी दिए ।

च्यालेन्ज लिगको खेलपछि म्याच कमिस्नरले यो खेल हेरेको जानकारी गराउँदै वैकल्पिक भेन्यु खोज्न भनेको र दशरथ रंगशालाको विकल्पमा एन्फा कम्प्लेक्स सातदोबाटो रहेको उनको भनाइ छ । साफ यू-२० च्याम्पियनसिपमा दक्षिण एसियाका पाकिस्तान बाहेक ६ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । नेपालसहित श्रीलंका र बंगलादेश समूह ए मा छ भने भारत, भुटान र माल्दिभ्स समूह बीमा छन् ।

एन्फाले साफ २० मा सहभागी टिमलाई अभ्यासका लागि भद्रकालीस्थित आर्मीको मैदान र लगनखेलको मैदान रहेको प्रवक्ता शाहले जानकारी दिए ।

# पेट्रोल, डिजल र मट्टीतेलको भाउ घट्यो

काठमाडौं/नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टीतेलको भाउ घटाएको छ । बिहीबार साँझ बसेको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर ५ र डिजल तथा मट्टीतेलमा प्रतिलिटर ३ रुपैयाँ घटाएको हो । घटेको मूल्य बिहीबार राति १२ बजेदेखि लागू हुनेछ ।

घटेको मूल्य अनुसार चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा पेट्रोल प्रतिलिटर १६२, डिजल र मट्टीतेल १५२ रुपैयाँ कायम भएको छ ।

त्यस्तै सुर्खेत र दाङ क्षेत्रमा पेट्रोल प्रतिलिटर १६४, डिजल तथा मट्टीतेल १५४ रुपैयाँ कायम भएको छ । काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा पेट्रोल प्रतिलिटर १६५ रुपैयाँ र डिजल तथा मट्टीतेल १५५ रुपैयाँ कायम भएको निगमले एक सूचना मार्फत जानकारी दिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती प्रदेशस्तरीय बालश्रम र नीतिसम्बन्धी संवाद

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ हेटौंडामा बागमती प्रदेशस्तरीय बालश्रम र बालश्रम नीतिसम्बन्धि संवाद कार्यक्रमको आयोजना गरिएको छ । बिहीवार श्रम रोजगार तथा यातायात मन्त्रालयको आयोजना, नागरिक मञ्चको सहकार्यमा नीति संवाद भएको हो ।

कार्यक्रम नागरिक संस्थाको साझा मञ्च, बालकल्याण समाज, दिगो विकास लक्ष्य ८ दशमलव ७ का लागि नागरिक मञ्च र मञ्चमा आवद्ध नागरिक संस्था र सञ्जालको सहभागितामा आयोजना गरिएको हो । नेपालमा अझै दुई लाख बालबालिका जोखिमपूर्ण बालश्रममा रहेको पाइएको बालविकास विज्ञ इन्दु तुलाधरले तथ्यांक प्रस्तुत गरेकी थिइन् ।

बालश्रम निवारणको क्षेत्रमा नेपालले विगतको तुलनामा सुधार गरेको भएपनि अझै करिब २ लाख बालबालिका जोखिमपूर्ण बालश्रममा रहेको उनले बताइन् । १४ देखि १७ वर्ष उमेर समूहका बाबालिकाको कुल जनसंख्यामध्ये १० प्रतिशत र ५ देखि १३ वर्ष उमेर समूहका बालबालिकामध्ये १८ प्रतिशत बालश्रममा रहेको नागरिक मञ्चको नीतिगत पैरवीपत्रमा उल्लेख गरिएको छ ।



कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले तीन तहको सरकारबीच समन्वय अभावले आवश्यक कानुन निर्माणकार्य प्रभावित हुनपुगेको बताए । जसकारण संविधान कार्यान्वयनमा जटिलता देखिएको उनले बताएका छन् । हेटौंडामा आयोजित बागमती प्रदेशमा बालश्रम र बालश्रम निवारणका लागि नीतिगत अवस्थाको बारेमा नीति संवादलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले संविधानको व्यवस्था अनुसार निर्धारित अधिकार सूचि र साझा अधिकार सूचिका कानुन निर्माणमा तीन तहका सरकारसँग समन्वय गरेर अघि बढ्न जरुरी रहेको बताए ।

समन्वय र सहकार्य हुन नसक्दा बनेका कतिपय कानुन कार्यान्वयनमा समस्या भइरहेको उनले बताए । उनका अनुसार पछिल्लो समय बालश्रम र अधिकारका विषय चुनौतीको रुपमा देखिएको छ । बालश्रम पूर्णरुपमा निर्मूल गर्न नसकेपनि निरन्तरको प्रयत्नबाट न्यूनीकरण गर्न सकिने उनको भनाइ छ ।

बालबालिकाको समस्याको क्षेत्र पहिचान गरेर निवारणमा सरोकारवाला निकाय एकजुट भएर अघि बढ्न जरुरी रहेको मुख्यमन्त्री लामाले बताए । बालबालिकाको अधिकार र समस्याका विषयमा प्रदेश सरकार नीति निर्माण गरेर योजनाबद्ध रुपमा काम गरिरहेको उनले बताए । विशेषगरी अनाथ तथा असहाय बालबालिका र आमनागरिकको लागि प्रदेश सरकार अभिभावकत्व प्रदान गर्न सक्षम रहेको उनको भनाइ छ ।

# विपद्बाट २११ जनाको मृत्यु, बागमतीमा बढी क्षति

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ नेपालमा मनसुन पछिको पछिल्लो दुई महिनामा मनसुनजन्यसहित सबै खालका विपद्बाट दुई सय ११ जनाको मृत्यु भएको छ । कुल ४८ जना बेपत्ता रहेका छन् भने एक सय ४३ जना घाइते भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जानकारी दिएको छ ।

गत जेठ २८ पछि मनसुनयन्य घटनाबाट एक सय ७० जना र अन्य विपद्बाट ४१ जनाको मृत्यु भएको प्राधिकरणका प्रवक्ता डा.डिजन भट्टराईले जानकारी दिए । उनका अनुसार अन्य विपदमा आगलागी, सर्पदंश, लेकलाग्नु, जनावर आक्रमणलगायत घटना समावेश छ । नेपालमा यसवर्ष गत जेठ २८ मा मनसुन भित्रिएको थियो । प्रवक्ता भट्टराईका अनुसार यसपाली सबैभन्दा बढी क्षति बागमती र गण्डकी प्रदेशले ब्यहोरेको छ ।

बागमती र गण्डकी प्रदेश दुवैमा ५८/५८ जनाको मृत्यु भएको छ । यसैगरी, कोशी प्रदेशमा २६, मधेश प्रदेशमा सात, लुम्बिनी प्रदेशमा ३९, कर्णालीमा नौ र सुदूर शिचममा १४ जनाको मृत्यु भएको प्राधिकरणले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । यो अवधिमा एक हजार तीन सय ३३ घटना भएकामा तीन हजार ६ सय ४७ परिवार प्रभावित भएका छन् । चार सय पाँचवटा घटना भएको कोशीमा सबैभन्दा बढी एक हजार दुई सय १२ परिवार प्रभावित भएका जनाइएको छ ।

यस्तै, मधेसमा पाँच सय १३, बागमतीमा चार सय ७१, गण्डकीमा चार सय ३७, लुम्बिनीमा तीन सय २६, कर्णालीमा दुई सय ४० र सुदूरपश्चिममा चार सय ४८ परिवार प्रभावित भएको प्राधिकरणले जनाएको छ । प्राप्त विवरणअनुसार कोशीमा दुई, बागमतीमा ४०, गण्डकीमा तीन, लुम्बिनीमा दुई र कर्णालीमा एकजना बेपत्ता रहेका छन् ।

अघिल्लो वर्षभन्दा बढी यस वर्ष मानवीय क्षति हो । अघिल्लो वर्ष सोही अवधिमा विपद्जन्य घटनामा ७२ जनाको मृत्यु भएको थियो । पूर्वतयारी, खोज उद्दार तथा सूचनाप्रवाहमा समन्वयात्मक रुपमा काम भएको प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिए । यस वर्ष औषतभन्दा बढी पानी पर्ने पूर्वानुमान बमोजिम नै वर्षा भइरहेको छ ।

# बागमतीमा कर्मचारी सरुवाको चक्कर

साझाकुरा संवाददाता



हेटौंडा, ३१ साउन/ बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित सबैजसो मन्त्रालयमा कर्मचारी सरुवा गर्ने समय भएको छ । मुख्यमन्त्रीदेखि मन्त्रीसम्मले आफ्ना नजिकका कर्मचारी ल्याउन लागिपरेका छन् । कर्मचारी भने मालदार कार्याल्यमा जानका लागि हानाथाप गरिरहेका छन् ।

सरुवा गर्ने अवधि पुगेका र नपुगेका कर्मचारी पनि यही भदौदेखि असोजसम्म आफ्ना मन्त्रालय र मुख्यमन्त्री कार्यालयबाट हुने सरुवामा चलखेल गर्न थालेका छन् । प्रदेशका कुनैपनि मन्त्रालय र मातहतका कार्यालयमा जानका लागि प्रदेशका कर्मचारीको दौडधुप चलिरहेको छ । मन्त्रालयका सचिव भेट्नेदेखि लिएर मन्त्री भेट्ने काममा धेरै कर्मचारी व्यस्त रहेका छन् । सरुवा गर्नुपर्ने अवधि पुगेका कर्मचारीलाई सरुवाको काम सुरु गर्न लागिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता राजेन्द्रबहादुर अर्यालले बताए । अन्तरमन्त्रालयमा सरुवा गर्ने जुनसुकै तहका कर्मचारी र उपसचिव भन्दा माथीका कर्मचारी प्रदेशको मुख्यमन्त्री कार्यालयले सरुवा गर्ने उनले बताए ।

बिशेषगरी आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तरगतका लेखाशाखामा काम गर्ने कर्मचारी, प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तरगतका यातायात कार्यालयमा कार्यरत कर्मचारी, स्वास्थ्य मन्त्रालय अन्तरगतका कार्यालयमा कार्यरत कर्मचारी, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका कार्यालयमा कार्यरत कार्यालयप्रमुख तथा प्राबिधिक, खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालय अन्तरगतका कार्यालयमा कार्यरत कर्मचारी, वन तथा वातावरण मन्त्रालय अन्तरगतका डिभिजन वन कार्यालयमा कार्यरत कार्यालय प्रमुख तथा कर्मचारी आफ्ना अनुकूलका कार्यालयमा जानका लागि लागि परेका छन् ।

आफ्नो अनुकूलको कार्यालयमा मात्र नभइकन तलब भत्ताका अतिरिक्त थप रकम आम्दानी गर्नसक्ने कार्यालयमा जानका लागि लागिपरेका छन् । बिशेषगरी यातायात कार्यालय, पूर्वाधार मन्त्रालय अन्तरगतका कार्यालय र लेखाशाखामा कार्यारत कर्मचारी भने आफ्ना अनुकूलका कार्यालयमा जानका लागि मोटो रकम खर्च गरेर पनि जान तयार रहेका छन् । लेखा समूहले छानेका सबै भन्दा धेरै कमाउन सकिने कार्यालयलाई ‘क’ श्रेणी, ‘ख’ श्रेणी, ‘ग’ श्रेणीमा आफैं विभाजन गरेर त्यसअनुसार रकम खर्च गरेर जानका लागि मरिहत्ते गरेका छन् ।

लेखाका कर्मचारी धेरैजसो भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका कार्यालयमा जान खोज्ने र काठमाडौं उपत्यकाभित्र जान चाहनेहरु धेरै रहेको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले बताए । एउटै कार्यालयमा जानका लागि धेरै लेखाका कर्मचारीको हानथाप भएको र बारम्बार सरुवाका विषयमा कर्मचारीको भेटका कारण पनि समस्या भएकाले अब गोलाप्रथाबाट सरुवा गर्ने विषयमा मुख्यमन्त्रीसँग छलफल भइरहेको मन्त्री काफ्लेले बताए ।

# खेलाडीले पाएनन् पदक जितेको पुरस्कार रकम, बागमती सरकारलाई ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/९ औं राष्ट्रिय खेलकुद प्रतियोगितामा बागमतीबाट प्रतिनिधित्व गर्दै पदक जितेका खेलाडीले प्रदेश सरकारको तर्फबाट प्रोत्साहनस्वरुप नगदसहित पुरस्कार पाउने भएका छन् ।

२०७९ असोज २८ देखि कार्तिक ३ सम्म गण्डकी प्रदेशमा भएको प्रतियोगितामा विभिन्न पदक जितेका खेलाडीलाई नगदसहित पुरस्कृत गर्ने तयारीका साथ काम भइरहेको युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले जानकारी दिए । प्रतियोगिता सम्पन्न भएपश्चात् तत्कालीन खेलकुदमन्त्री रन्तप्रसाद ढकालले पदकप्राप्त खेलाडीलाई नगदसहित पुरस्कृत गर्ने घोषणा गरेको भएपनि हालसम्म पुरस्कार वितरण भएको थिएन ।

घोषणा भएको २ वर्षपछि नवनियुक्त मन्त्री महर्जनले पुरस्कार वितरणको लागि तयारी तीब्र पारिएको जानकारी दिए ।

‘त्यतिबेला मन्त्रालयले रकम माग गर्दा त्रुटि भएको रहेछ । अर्थ मन्त्रालयले आवश्यक भन्दा बढी रकम मागियो भनेर सहमति नदिएपछि मन्त्रिपरिषद् बैठकमै लैजान समस्या भएको रहेछ । अर्थमन्त्रीज्यू र मुख्यमन्त्रीज्यूसँग कुराकानी भयो, उहाँहरु पूर्णरुपमा सकारात्मक हुनुहुन्छ । हामी १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता भन्दा अगावै खेलाडीलाई पुरस्कार बाँड्छौं ।’ मन्त्री महर्जनले भने ।

उनले आफू पनि खेलकुद क्षेत्रकै व्यक्ति भएकाले खेलाडीको मर्काबुझ्दै पुरस्कार वितरणकार्यलाई तीब्रता दिइएको बताए । लगानी बढाउँदै खेलकुद पूर्वाधारको विकास र खेलाडीको हितका लागि मन्त्रालयले तीब्रताका साथ काम गर्ने उनले बताए ।

अघिल्लो आर्थिक वर्षमा खेलकुद मन्त्रालयले पुरस्कार वितरणको लागि २ करोड २४ लाख रुपैयाँको लागि अर्थ मन्त्रालयसँग सहमति मागेको भएता पनि सहमति नआउँदा त्यतिबेला पुरस्कार वितरण गर्न नसकिएको मन्त्रालयका सचिव रुद्रप्रसाद लामिछानेले बताए ।

मन्त्रालयले स्वर्णपदक विजेता खेलाडीलाई जनही १ लाख, रजत विजेता खेलाडीलाई जनही ७५ हजार र कास्य पदक विजेता खेलाडीलाई जनही ५० हजार रुपैयाँ सहित सम्मान गर्ने निर्णय गरेको थियो ।

बिहीवार नै नेपाल राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी संघले प्रतियोगिताको पुरस्कार खेलाडीलाई प्रदान गर्न भन्दै मन्त्री मजर्हनको ध्यानाकर्षण गराएको थियो । संघका केन्द्रीय सदस्य अजित गुरुङको नेतृत्वको समूहले खेलाडीलाई निराश बनाउन नहुने पुरस्कार वितरण गर्न अनुरोध गरेको थियो ।



# हेटौंडाका सुवेदीको स्वरमा ‘छक्कापञ्जा ५’ को गीत

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ हेटौंडाका सबिन सुबेदीको स्वरमा फिल्म ‘छक्कापञ्जा ५’ को पहिलो गीत सार्वजनिक भएको छ । फिल्म ‘छक्कापञ्जा ५’ को ‘बिहे भाको छैन’ बोलको गीत आइतबार ओएसआर युट्यव च्यानलबाट सार्वजनिक भएको हो ।

गीतमा सुबेदीसँगै बेनिशा पौडेलको पनि स्वर रहेको छ । फिल्मका दुई शीर्ष कलाकार दीपकराज गिरी र वर्षा सिवाकोटीले गीतमा मुख्य भूमिका निभाएका छन् । यस्तै, गीतको सुरु र अन्त्यमा अर्का कलाकार केदार घिमिरे ‘माग्ने बुढा’ को न्यारेसन समावेश छ । घिमिरे पनि मकवानपुरबासी नै हुन् । उनको घर बकैया गाउँपालिकामा पर्दछ ।

संगीतकार दीपक शर्माले लोकलयमा आधारित यो गीतलाई छमछमी नाच्न मिल्ने शैलीमा तयार पारेका छन् । नृत्य निर्देशक सुनिल क्षेत्रीले कलाकार र गीतको मुड अनुसार भिन्न सेट र कथा अनुसारको कम्पोज गरेका छन् । यो फिल्म दसैं फूलपातिको छेको असोज २४ मा रिलिज हुने जनाइएको छ ।

# मितेरी सहकारीमा समुदाय स्वास्थ्यशिक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ स्थित मितेरी बचत तथा ऋण सहकारी संस्थामा बुधबार एकदिने समुदाय स्वास्थ्यशिक्षा कार्यक्रम भएको छ । कार्यक्रम संस्थाका अध्यक्ष धनराज महर्जनको सभाध्यक्षमा भएको हो ।

कार्यक्रम सामाजिक अनुसन्धान तथा विकास केन्द्र (सगुन) को आयोजनामा भएको थियो भने स्वास्थ्य प्रवर्द्धन तथा रोजगारी रोकथामका लागि आयुर्वेद तथा प्राकृतिक चिकित्सा प्रवर्द्धन कार्यक्रमले सहजीकरण गरेको थियो । उचित आहारविहार र विचार-स्वस्थ्य जीवनको लागि महत्वपूर्ण आधार भन्ने मूल नाराकासाथ समुदाय स्वास्थ्यशिक्षा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा सगुनका कार्यक्रम निर्देशक महन्त महर्जन, कार्यक्रम संयोजक पुण्य सुवाल, कार्यक्रम सहजकर्ता रविन राई, सहकारी संस्थाका व्यवस्थापक सरोज थापामगर लगायतको आतिथ्यता थियो । कार्यक्रममा सगुनका कार्यक्रम संयोजक सुवालले समुदाय स्वास्थ्यशिक्षा सम्बन्धी जानकारी गराएका थिए । वार्षिक प्रतिव्यक्ति २५ हजारको औषधिउपचारमा खर्च भएको हुँदा यहाँको भौगोलिक अवस्थामा यहाँको जीवनशैली फरक रहेको कार्यक्रम निर्देशक महर्जनले बताए ।

समुदायप्रति चासोको विषयमा सहकारी पनि महत्व राख्दै यस क्षेत्रमा हर्वल गार्डेन बनाउने उद्देश्य रहेको उनले बताए । आगामी कार्तिक १२ गते हामी यहाँ स्वास्थ्य चिकित्सा शिविर सञ्चालन गर्नेछौं, महर्जनले भने । शिविरमा नसर्ने रोगहरु मधुमेह, उत्तरक्तचाप, मानसिक रोग, थाइराइडलगायत अन्य रोगको परीक्षण गरिने जनाइएको छ ।












साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना